# रास्कोट नगरपालिका

# स्थानीय राजपत्र

## रास्कोट नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६, संख्या १, रास्कोट राजपत्र मितिः २०७९/०६/०४

प्रथम पटक संशोधन मितिः २०७९/०९/२७

## भाग- २

## रास्कोट नगरपालिका नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि-२०७९

**प्रस्तावना** :यस रास्कोट नगरपालिकामा शान्ति, सुरक्षा र अमन चयन कायम गर्न नेपालको संविधान २०७२ को अनुसूचि ८ मा उल्लेखित गरिएका स्थानीय तहका एकल अधिकारको प्रयोग गरी प्रतिस्पर्धाको आधारमा सेवा करारमा नगर प्रहरीको नियुक्ति गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को(क) मा व्यवस्था भएका कार्यहरुमा सहयोग पुर्याउनको लागि रास्कोट नगरपालिकाले यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम रास्कोट नगरपालिकाको सेवा करारमा **'नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७९'** रहेको छ ।

२. यो कार्यविधि नगर राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

१.'प्रमुख' भन्नाले रास्कोट नगरपालिकाको प्रमुख सम्झिनु पर्छ ।

२.'ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन २०७४ सम्झनु पर्छ ।

३.'कार्यविधि' भन्नाले रास्कोछ नगरपालिकाको सेवा करारमा नगर प्रहरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७९ सम्झिनु पर्छ ।

४.'कार्यालय' भन्नाले नगर कार्यापालिकाको कार्यलय सम्झिनु पर्दछ ।

५.'नगर प्रहरी' भन्नाले कार्यविधि बमोजिम सेवा करारमा नियुक्ति भएका नगर प्रहरीलाई सम्झनु पर्दछ ।

६.'समिति' भन्नाले दफा ६ को २ बमोजिम पदपुर्ति समितिलाई सम्झिनु पर्छ ।

७.'नगरपालिका' भन्नाले रास्कोट नगरपालिका सम्झिनु पर्दछ ।

## परिच्छेद २
## नगरप्रहरीको गठन रेखदेख र नियन्त्रण

**३.** नगरपालिका र नगर प्रहरीको सम्बन्ध नगरपालिकाको प्रशासन शाखा अन्तर्गत रहनेगरी नगर प्रहरी नियुक्ति गरिनेछ । समस्त नगर प्रहरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र नगर कार्यपालिकाको कार्यालय प्रति उत्तरदायी हुनुपर्नेछ ।

**४ नगरपालिकामा रहने नगर प्रहरीको संङ्ख्या पद र तह**

१. नगरपालिकामा रहने नगरप्रहरीको पद र तह तपशील बमोजिम रहने छ ।

क) नगर प्रहरी सहायक निरीक्षक

ख) नगर प्रहरी हवल्दार

ग) नगर प्रहरी जवान

मिति : २०७९/०९/२७ गते प्रथम पटक संशोधन
परिच्छेद-२ को दफा ४(१) नगर प्रहरी हवल्दार पद थपिएको

घ) दफा ४ को १क बमोजिमको नगर प्रहरी सहायक निरीक्षक वा नगर प्रहरी हवल्दार पद रित्त हुँदा वा निजको अनुपस्थितिमा नगर प्रहरी जवानहरु मध्येबाट कार्यपालिकाको निर्णय बमोजिम तोकेको प्रहरी जवानलाई करार सम्झौतामा उल्लेख भएबमोजिम सेवा सुविधा पाउने गरी **नगर प्रहरी कमाण्डारको** रुपमा काममा लगाइने छ ।

२. दफा ४(१) को (क) र (ख) बमोजिम रहने दरबन्दी सङ्ख्या र सेवा सुविधा नगरसभाले स्वीकृत गरे बमोजिम हुनेछ।

## परिच्छेद ३

### ५. नगर प्रहरीको काम कर्तव्य र अधिकार

क) ऐनको दफा ११ को उपदफा २ को खण्ड क २ मा उल्लेखित काम कर्तव्य र अधिकारहरुका अतिरित्त नगर प्रहरीको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

१. सार्वजानिक आवागमनमा बाधा पुर्याइ राखेका निर्माण सामग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र हटाउन नमानेमा आफै हटाउने । यसरी हटाउदा खेरी लाग्ने खर्च र तोकिए बमोजिमको जरिवाना सम्बन्धित व्यक्तिबाट असुलउपर गर्ने ।

२. नगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने । सो बमोजिम नगर्नेलाई कानुन बमोजिम कार्वाही गर्ने ।

३. सार्वजानिक जग्गा, बाटो, मठ, मन्दिर, खोलानाला, ढल, चोक, पोखरी आदि मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यत्तिगत रुपले उपभोग गरेको पाइएमा हटाउने । यदि कसैले निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रमुख प्रशासकीय अधिकृतमार्फत नगर प्रमुख समक्ष प्रतिवेदन पेश गरी प्रमुखको आदेश बमोजिम गर्ने ।

४. नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाणपत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिएमा प्रमुखबाट भत्काउने आदेश दिएमा भत्काउने ।

५. छाडा पशु पंक्षीहरु पक्राउ गरी आदेश बमोजिम व्यवस्थापन वा लिलाम गर्ने गराउने ।

६. स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेका तोकिएको मापदण्ड विपरितका खाद्य पदार्थ वा चिजवस्तु विक्रिवितरण गर्न रोक लगाउने तथा विक्री वितरण गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन रायसाथ नगर प्रमुख समक्ष पेश गर्ने ।

७. रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु विक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवान समेत गर्न नगरप्रमुख समक्ष पेश गर्ने ।

८. छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

९. खतरा उत्पन हुने रुख काट्न लगाउने । जोखिमपूण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

१०. वडा समिति टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११. नगर कार्यपालिका समिति उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति निर्णय ऐन र कानुन कार्यन्वयन गर्ने ।

१२. नगरको सुव्यवस्था कायम गर्ने नगरपालिकाको चल अचल सम्पति भवन जग्गा पार्क मेसिन उपकरण आदिको सुरक्षा गर्ने ।

१३. विना इजाजत पसल व्यवसाय उद्योग वा कलकारखाना सञ्चालन गरेको फेला परेमा छानविन गरी तोकिए बमोजिम कारवाही गर्ने । साथै मादक पदार्थ सेवन गरी होहल्ला गर्ने व्यत्ति र अनाधिकृत अवैध वस्तु वा पेय पदार्थ विक्रि गर्ने पसललाई कानुन बमोजिम कारवाही गर्ने ।

१४. रास्कोट नगरपालिका नगर क्षेत्रभित्र भित्ते लेखन, व्यानर, विज्ञापन प्रचार प्रसार सामग्री तथा पोष्टर टाँस्नेकार्यमा पूर्णतया प्रतिबन्ध लगाउने । अटेर गर्नेलाई कारवाहीका लागि सिफारिस गर्ने ।

१५. विना इजाजत व्यानर होडिङबोर्ड लगाएतका अन्य विज्ञापन सामग्री राखेको पाइएमा पक्राउ गरी इजाजत लिन लगाउने नमानेमा कारवाहीका लागि सिफारिस गर्ने ।

१६. नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा सम्मेलन तालिम भेला गोष्ठी आदि जस्ता कार्यक्रमहरुमा नगरपालिकाको तर्फबाट तोकिए बमोजिमको जिम्मेवारी निर्वाहा गर्ने ।

१७. नापतौलका सामग्रीको चेक जाँच गर्ने पसल व्यवसायमा मूल्य सुचि राख्न लगाउने तथा चेक गर्ने ।

१८. होटल रेष्टुरेन्ट गेष्टहाउस मसाज पार्लर जस्ता व्यवसायिक गतिविधिहरुको निरीक्षण गर्ने र मापदण्ड अनुरुप नचलेको पाइएमा कारवाहीको लागि प्रतिवेदन पेश गर्ने । अवैध मदिरा विक्रिवितरण  र त्यसको सेवन गरेको पाइएमा नगरपालिकालाई जानकारी गराउने ।

१९. नगरपालिका क्षेत्रभित्र सार्वजानिक स्थलमा जुवातास पोटा क्यारम वोर्ड मादक पदार्थ सेवन तथा धुम्रपान लगाएतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने तर जादु र सर्कस देखाउन नगरपालकाको अनुमति लिए नलिएको जाँच गर्ने ।

२०. व्यवसायिहरुले सडक क्षेत्र ओगटेर राखेका सामानहरु हटाउन लगाउने हटाउन नमानेमा त्यस्ता सामानहरु जफत गरि पेश गर्ने । नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने ।

२१. अरुलाई बाधा पुग्ने गरी लाउड स्पीकर रेडियो अथवा ध्वनि उत्पादन प्रसारण लगाएतका अन्य उपकरण प्रयोग गर्न नदिने । शहर वा बजारमा ध्वनि धुवाँ प्रकाश अथवा अन्य कुनै कारणले सार्वजानिक रुपमा बाधा पुग्ने गरी उद्योगधन्दा सञ्चालनमा रोक लगाउने ।

२२. बजार क्षेत्रमा तीब्र गतिमा सवारीसाधन चल्न नदिने ।

२३. नगरपालिका क्षेत्र भित्रका नीजी सुरक्षागार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म कम्पनी सञ्चालकहरुको सुचि तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२४. दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्ने कार्यमा सहयोग पुर्याउने ।

२५. विपद् माहामारी भएमा उद्दार तथा राहतका लागि आदेश बमोजिम तुरुन्त खटी जाने ।

२६. नगरपालिका भित्रका शाखा योजना आयोजना कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२७. रास्कोट नगरपालिकाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२८. माथि तोकिए बमोजिमका कार्यहरुमा समन्वय गरी जिम्मेवारी लिइ जवाफदेहिता समेत बहन गर्ने ।

२९. नगरपालिकाले तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

ख) नगर प्रहरी सहायक निरीक्षक वा नगर प्रहरी हवल्दारले नगर प्रहरी जवानहरुलाई आदेश बमोजिम खटनपटनमा नगरप्रहरी सहायक निरीक्षक वा हवल्दारको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलवा माथि दफा ५ को(क) मा उल्लेखित काम कर्तव्य र अधिकारहरु पालना गर्नु पर्नेछ ।

## परिच्छेद-४
## पदपूर्ति र योग्यता

**६. पदपूर्ति गर्ने तरिका नगर प्रहरी सेवा करारमा राख्ने प्रयोजनको लागि देहाय बमोजिमका तरिकाबाट छनौट गरिनेछ ।**

१. नगर प्रहरीको छनौट खुल्ला प्रतियोगीता द्वारा हुनेछ । यसरी खुल्ला प्रतियोगीता द्वारा हुनेछ । यसरी खुल्ला प्रतियोगिताद्वारा छनौट गर्दा नगरप्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैँचालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारहरुका बिचमा छुट्टाछुट्टै प्रतिशपर्धा गराइ पदपूर्ति गरिनेछ ।

क) महिला ३३ प्रतिशत

ख) आदिवासी/ जनजाति १० प्रतिशत

ग) दलित ३० प्रतिशत

घ) सहिद तथा बेपत्ता परिवार २७ प्रतिशत

**२. नगर प्रहरीको पदपूर्तिका लागि देहाय बमोजिमका एक पदपूर्ति समिति रहनेछ ।**

क) अध्यक्ष- प्रमुख प्रशासकीय अधिकृत

ख) सदस्य- रास्कोट इलाका प्रहरी कार्यालयको प्रतिनिधि

ग) सदस्य सचिव- नगर कार्यपालिकाले तोकेको अधिकृत स्तरको स्थायी कर्मचारी

**३. पदपूर्ति गर्दा परीक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।**

**क) शारीरिक परीक्षण**

शारिरिक परीक्षणको लागि दफा ७ को उपदफा १ को (ङ)(च)(छ) र (ज) तथा उपदफा २ को (ङ)(च)(छ) र (ज) लाई आधार मानिनेछ । शारीरिक परीक्षणको लागि कुनै अंक प्रदान गरिने छैन तर आधारहरु सबैमा भने उत्तीर्ण भएको हुनु पर्छ । शारीरिक परीक्षण उत्तीर्ण गरेपश्चात मात्र देहाय बमोजिम मूल्याङ्कन गरी उम्मेदवारहरुलाई लिखित परीक्षामा समावेश गरिनेछ ।

अ) शैक्षिक योग्यताका लागि माथिल्लो योग्यतालाई प्रथामिकता दिइनेछ र न्युनतम शैक्षिक योग्यताको श्रेणीका आधारमा क्रमशः उत्कृष्ट, प्रथम ,द्बितीय, तृतीय को लागी १०, ८,६ र ४ अंक प्रदान गरिने छ ।

आ) स्थानीय बासिन्दाको लागि १० अंक र सम्बन्धित जिल्लाको बासिन्दाको भएमा ५ अंक र अन्यको भएमा शून्य अंक प्रदान गरिनेछ ।

इ) पुर्व जनमुक्ति सेना, पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशत्र प्रहरी बलमा सेवा गरेकोलाई प्रति वर्ष २ दुई अंकका दरले अधिक्तम १० अंक प्रदान गरिनेछ । पूर्व नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरीबलले सम्बन्धित निकायबाट तोकिए बमोजिमको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ पूर्व जनमुक्ति सेनाको हकमा भने अनमिनले सुचिकृत गरेको कागजपत्र दरखास्तसँगै बुझाउनु पर्नेछ ।

**ख. लिखित परीक्षा**

लिखित परीक्षाको लागि पदपुर्ति समितिले ५० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

**ग. अन्तवार्ता**

अन्तवार्ताको लागि पूर्णाङ्क २० रहनेछ । यस अनुसार अंक प्रदान गर्दा न्यूनतम ८(आठ) र अधिक्तम १४(चौध) अङ्कको सिमा भित्र रही प्रदान गर्नु पर्नेछ ।

**घ**) अन्तिम परिक्षाको नतिजा प्रकाशन माथि उल्लेखित शारीरिक परिक्षण, लिखित परिक्षा र अन्तर्वाताको एकमुष्ट योग्यताक्रमका आधारमा गरिनेछ ।

४. समितिले एक जना अध्यक्ष र सम्बन्धित विषय विज्ञ समेत रहने गरी कम्तिमा ३ सदस्य रहेको अन्तरवार्ता समिति गठन गर्नुपर्ने छ ।उत्त समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) परीक्षाको लागि पाठ्यक्रम निर्धारण तथा प्रश्नपत्र तयार विज्ञापन सञ्चालन तथा नतिजा प्रकाशन गर्ने

ख) दरखास्त फाराम उपर छानबिन गर्ने

ग) छनौटका लागि कार्यतालिका बनाउने

घ) योग्यताक्रम सूचि तयार गर्ने

ङ) नियुक्तिका लागि सिफारिस गर्ने

**७. योग्यता**

**१.) नगर प्रहरी सहायक निरीक्षक पदको लागि निम्नलिखित योग्यता भएका नेपाली नागरिकले दरखास्त दिन सक्नेछन्**

क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ४० वर्ष ननाघेको

ख) मान्यता प्राप्त विश्वविधालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको

ग) नैतिक पतन देखिने कुनै फौजिदारी अभियोगमा सजाय नपाएको

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको

ङ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाइ भएको

च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको

छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

ज) स्वीकृति चिकित्साबाट निरोगिताको प्रमाणपत्र पाएको

झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको

**२.) नगर प्रहरी हवल्दार पदको लागि**

क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ४५ वर्ष ननाघेको

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १० कक्षा उत्तीर्ण गरेको

ग) नैतिक पतन देखिने कुनै फौजिदारी अभियोगमा सजाय नपाएको

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको

ङ) पुरुषको लागि घटिमा ५ फिट  २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाइ भएको

च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको

छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

ज) स्वीकृति चिकित्साबाट निरोगिताको प्रमाणपत्र पाएको

झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको

**३.) नगर प्रहरी जवान पदको लागि निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्**

क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटीमा १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभुत तह उत्तीर्ण गरेको

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको

घ) कुनै राजनैतिक दलको सदस्य नरहेको

ङ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाइ भएको

च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको

मिति : २०७९/०९/२७ गते प्रथम पटक संशोधन
परिच्छेद-२ को दफा ४(१)  नगर प्रहरी हवल्दार पद थपिएको

छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

ज) स्वीकृति चिकित्साबाट निरोगिताको प्रमाणपत्र पाएको

झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

## परिच्छेद ५

## विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था

**८) विज्ञापन सम्बन्धी व्यवस्था :** समितिले नगर प्रहरी पदपूर्तिको लागि विज्ञापन गर्नुपर्दा अनुसुची-१ बमोजिमको ढाँचामा तयार गरी नगरपालिकाको स्थानीय दैनिक पत्रिका सूचना पाटी वेभसाइट वा अन्य कुनै सार्वजानिक स्थलमा १५ (पन्ध्र) दिनको म्याद सहितको सूचना प्रकाशन गर्नुपर्नेछ ।

**९) दरखास्त फाराम र प्रवेश पत्र सम्बन्धी व्यवस्था :** प्रकाशित विज्ञापन बमोजिम उम्मेदवारहरुले अनुसूचि-२ बमोजिम दरखास्त फाराम भरी कार्यालयमा बुझाउनु पर्दछ । दरखास्त फाराम भर्ने उम्मेदवार समावेशी समुह तर्फको भए कुन समूहको हो सो जनाइ फाराम भर्नु पर्नेछ । पदपूर्ती समितिले विज्ञापनमा निर्धारण गरेको दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्याद भित्र अनुसूचि-३ बमोजिमको प्रवेश पत्र पाउनेछन् ।

**१०) नतिजा प्रकाशन र सूचिकृत गर्नुपर्ने :** समितिले योग्यताक्रम निर्धारण गरी सोही वमोजिम सूचिकृत समेत गरी नगर प्रहरी कर्मचारी छनौट भएको नतिजा स्थानीय दैनिक पत्रिका नगरपालिकाको प्रकाशन र सूचिकृत गर्दा वैकल्पिक उम्मेदवार सहित विज्ञापनमा माग गरिएको पद सङ्ख्याको दोब्बर सङ्ख्यामा गर्नुपर्नेछ ।

**११) सिफारिस तथा नियुक्तिः** दफा १० बमोजिमको कार्य सम्मन्न भए पश्चात पदपूर्ति समितिले नियुक्तिको लागि कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ । सिफारिस भई आएका नगर प्रहरीलाई नगर कार्यपालिकाले सेवा करारमा नियुक्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिइनेछ ।

## परिच्छद – ६

## करार सम्बन्धि व्यवस्था

**१२) करार गर्ने :** (१) नगरपालकाले छनौट भइ सूचिकृत गरेका मुख्य उम्मेदवारलाई १५ (पन्ध्र) दिनको म्याद दिइ करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको अवधि भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूचि-४ बमोजिमको ढाँचामा करार गर्नु पर्नेछ । उत्त अवधी भित्र सम्पर्क राख्न नआएमा क्रमश वैकल्पिक उम्मेदवारलाई सूचना दिइ करार गर्न सकिनेछ ।

(३) उपदफा २ बमोजिम करार गरे पश्चात अनुसूचि-५ बमोजिमको पत्र कार्यालयले नगर प्रहरी कर्मचारीलाई दिनुपर्नेछ ।

(४) यस कार्यविधी बमोजिम करार गर्दा सामान्यतया आर्थिक वर्षको श्रावण १ देखि अर्को असार मसान्त सम्मका लागि मात्र करार गर्नुपर्नेछ । तर उत्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधि हेरी करारको अवधी घटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम एक आर्थीक वर्षको निम्ति सेवा करारमा लिएको व्यत्तिलाई पुन अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा पुन: परीक्षण, छनौट र सुरु करार सरह मानि सम्झौता गरिनेछ ।

(६) नगर प्रहरी कर्मचारीले स्वच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तिमा १ (एक) महिना अगाडि कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यत्तिलाई पुन करारमा काम गर्ने अवसर दिइने छैन ।

(७) यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुत्तानी दिएमा त्यसरी अवधी उल्लेख गर्ने वा रकम भुत्तानी गर्ने कर्मचारीको तलब भत्ताबाट कट्टा गरी असुल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

**१३) कार्यशर्त, पारिश्रमिक र अवधि :** (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका नगर प्रहरी कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । नगर प्रहरी जवान तथा प्रहरी सहायक निरीक्षक वा नगर प्रहरी हवल्दारलाई रासन भत्ता लगाएतका अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

**२)**कार्यलयले स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सक्नेछ । तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन ।

**३)** कार्यलयले करारका नगर प्रहरी कर्मचारीको पारिश्रमिक भुत्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण(time sheet) सहितको प्रतिवेदन तयार गर्न लगाइ सम्बन्धित शाखाको सिफारिसको आधारमा मात्र भुत्तानी गर्नु पर्नेछ ।

४) यस कार्यविधि बमोजिम नगर प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुत्ति हुनका लागि कुनै पनि दाबी गर्न पाउने छेन ।

५) उपदफा (१) बमोजिम करार गर्दा काम सुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नु पर्नेछ । तर त्यस्तो करारको अवधि एक पटकमा १(एक) वर्ष भन्दा बढी हुने छैन ।

१४) करार सम्झौता गरिएको नगर प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत कार्यलयले सिफारिस गरेमा नगर प्रमुखले आवयश्क छानविन गर्न लगाइ सफाइको मौका दिइ कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिने छ ।

## परिच्छेद ७

## विविध

**१५) नगर प्रहरीको सेवा र सुविधा :**नगर प्रहरीको चाडपर्व खर्च पोसाक खर्च लगाएत अन्य सेवा र सुविधाका विषयमा नगर कार्यपालिकाले बेला बेलामा निर्णय गरी तोकेबमोजिम हुनेछ ।

**१६) विदा**: नगर प्रहरीको विदा करार सम्झौतामा उल्लेखित बमोजिम हुनेछ । अन्य विदाको विषयमा भने कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

**१७) पोशाक :** नगर प्रहरीले डिउटी समयमा लगाउने पोशाक अनुसूचि-६ बमोजिम हुनेछ । डिउटी समयमा त्यस्तो पोशाक अनिवार्य लगाउनु नगर प्रहरीको कर्तव्य हुनेछ ।

**१८) डीउटी अवधि**: नगर प्रहरीको डिउटी अवधि बिहान ६ बजे देखि बेलुकी १० बजेसम्म रहने छ । प्रत्येक नगर प्रहरीले तालिका बमोजिम दैनिक रुपमा कम्तिमा ८ घण्टा डिउटी गर्नु पर्ने समय मिलाइने छ ।

**१९) व्याख्या, खारेजी वा बचाउ गर्ने अधिकार :** यस कार्यविधि कार्यन्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नु परेमा त्यस्तो अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**२०) अमान्य हुने :**यस कार्यविधिमा लेखिएका कुराहरु संघीय वा प्रादेशिक वा रास्कोट नगरपालिकाको स्थानीय कानुनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

**अनुसूचि – १**

**(दफा ८ सँग सम्बन्धित विज्ञापनको ढाँचा )**

**रास्कोस्कोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**आर सी पी ५ कालीकोट**

**कर्णाली प्रदेश नेपाल**

**२०७३**

**नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति ........................................)

रास्कोट नगरपालिकाको प्रशासन शाखा अन्तरगत रहने गरी देहायको पद संङ्ख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्रमा नगरपालिकाको राजस्व तिरेको रसित सहित दरखास्त दिनहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम दरखास्त दस्तुर कार्य विवरण पारिश्रमिक सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.itoraskotmun.gov.npबाट उपलब्ध हुनेछ ।

१)

| पदको नाम | संङ्ख्या |
|---|---|
| | |

२) योग्यता

**<u>नगर प्रहरी सहायक निरीक्षक पदको लागि</u>**

क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ४० वर्ष ननाघेको

ख) मान्यता प्राप्त विश्वविधालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको

ग) नैतिक पतन देखिने कुनै फौजिदारी अभियोगमा सजाय नपाएको

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको

ङ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाइ भएको

च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको

छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

ज) स्वीकृति चिकित्साबाट निरोगिताको प्रमाणपत्र पाएको

झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको

**नगर प्रहरी हवल्दार पदको लागि**

क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ४५ वर्ष ननाघेको

मिति : २०७९/०९/२७ गते प्रथम पटक संशोधन

अनुसूचि-१ सशशोधन भएको

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १० कक्षा उत्तीर्ण गरेको

ग) नैतिक पतन देखिने कुनै फौजिदारी अभियोगमा सजाय नपाएको

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको

ङ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाइ भएको

च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको

छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

ज) स्वीकृति चिकित्साबाट निरोगिताको प्रमाणपत्र पाएको

झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको

**<u>नगर प्रहरी जवान पदको लागि</u>**

क) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटीमा १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आधारभुत तह उत्तीर्ण गरेको

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको

घ) कुनै राजनैतिक दलको सदस्य नरहेको

ङ) पुरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाइ भएको

च) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको

छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको

ज) स्वीकृति चिकित्साबाट निरोगिताको प्रमाणपत्र पाएको

झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

३) दरखास्तमा संलग्न गर्नु पर्ने : उम्मेदवारको व्यत्तिगत विवरण, शैक्षिक योग्यताका प्रमाण पत्र को प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी पेश गरिने सबै प्रतिलिपीको पछाडि उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ । पूर्व नेपाली सेना नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ भने पूर्व जनमुत्ति सेनाको हकमा भने अनमिनले सूचिकृत गरको कागजपत्र दरखास्तसँगै बुझाउनु पर्नेछ ।

४) **परीक्षाको किसिम :** शारीरिक परीक्षण, लिखित र अन्तरवार्ता

५) **परीक्षा केन्द्र** : नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

६) **दरखास्त दस्तुर :** पदपूर्ति समितिले निर्धारण गरे बमोजिम ।

७) **तलब स्केल** : नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

# अनुसूचि- २

**(दफा ९ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)**

**रास्कोट नगरपालिका**

**नगर कार्यपालिको कार्यालय**

**आर.सी.पी.५ कालीकोट**

**कर्णाली प्रदेश, नेपाल**

**करारको लागि दरखास्त फाराम**

**दरखास्त फाराम भर्न चाहेको पद :**

**दरखास्त दिन चाहेको कोटा :** ◯ खुला ◯ महिला ◯ दलित ◯ सहिद तथा बेपत्ता परिवार ◯ आदिवासी/ जनजाति

विज्ञापन नम्बर :

फाराम पेश गरेको कार्यालय :

क) वैयक्तिक विवरण

| | | | |
|---|---|---|---|
| वैयक्तिक विवरण | नाम थर | देवनागरिकमा : | |
| | | अंग्रेजी ठुलो अक्षरमा: | |
| स्थायी ठेगाना | नागरिता नं | जिल्ला : | जारी मिति : |
| | जिल्ला: | नपा | वडा नं : |
| | टोल : | घर नं : | मो.नं |
| पत्रचार गर्ने ठेगाना : | | इमेल : | |
| बुवाको नाम : | | जन्ममिति : वि.सं | |
| | | ई.सं | |
| बाजेको नाम थर : | | हालको उमेर : वर्ष महिना | |

ख) शैक्षिक योग्यता तालिम

दरखास्त फारममा भरेको पदको लागि चाहिने आवश्यक न्युनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख

| अवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय बार्ड तालिम दिने सस्था | शैक्षिक उपाधी तालिम | संकाय | श्रेणी प्रतिशत | मुल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |
| | | | | | |

ग) अनुभव सम्वन्धी विवरण

| कार्यालय | पद | सेवा समूह उपसमुह | श्रेणी तह | स्थायी अस्थायी करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्मपुर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सुचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानुन बमोजिम सहने छु बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनि प्रचलित कानुन तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै सर्त तथा नियमहरु पालना गर्न मञ्जुर गर्दछु साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समय भन्दा अगाबै करारको अन्य गर्दा कम्तिमा तीन महिनाको पूर्व सूचना दिइ कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत र मिति |
|---|---|---|
| दाँया | बायाँ | |
| | | |
| कार्यालयले भर्ने | | |
| रसिद/भौचर नं : | | रोल नं : |
| दरखास्त अस्वीकृत भए सोको कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत | दस्तखत: | |
| | नाम: | |

द्रश्टब्य: दरखास्त साथ सूचनामा उल्लेखित लगाएत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरि पेश गर्नु पर्नेछ ।

१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२ समकक्षता र सम्बद्ध आवश्यक परेमा सोको प्रतिलिपी

३ न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी

## अनुसूचि – ३

**(दफा ९ सँग सम्बन्धित प्रवेश पत्रको ढाँचा )**

**रास्कोस्कोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**आर सी पी ५ कालीकोट**

**कर्णाली प्रदेश नेपाल**

**२०७३**

**नगर प्रहरी परीक्षा प्रवेश पत्र**

(..................................... पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि)

(क) विज्ञापन मिति :

(ख) विज्ञापन नं :

(ग) दर्ता नम्बर :

(घ) नाम, थर र ठेगाना :

(ङ) उमेर :

(च) श्रेणी, तह :

(छ) उम्मेदवारको दस्तखत नमूना :

भर्ना छनौट शाखाका सम्बन्धित कर्मचारीले भर्ने :

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमित रद् हुन सक्नेछ ।

परीक्षा केन्द्र :

..........................

अधिकृतको दस्तखत र मिति

# अनुसूचि- ४
## (दफा १२(२) सँग सम्बन्धित करार सम्झौताको ढाँचा)
## रास्कोट नगरपालिका
## नगर कार्यपालिको कार्यालय
## आर.सी.पी.५ कालीकोट
## कर्णाली प्रदेश, नेपाल
## करार सम्झौता

रास्कोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय ( यसपछि पहिलो पक्ष भनिएको) ................. जिल्ला ................... नगरपालिका गाउँपालिका वडा नं ...... बस्ने श्री .................................. ( यसपछि दोस्रो पक्ष भनिएका बिच रास्कोट नगरपालिकाको नगर प्रहरीको कामकाज गर्न गराउन मिति २० / / को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आमसमा बुझि लियौ :

१) कामकाज सम्बन्धमा : दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भइ गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२) काम गर्नुपर्ने स्थान : रास्कोट नगरपालिकाको भौगोलिक क्षेत्र भित्र ।

३) करारमा काम गरे वाफत पाउने पारिश्रमिक तथा सेवा सुविधा : प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोस्रो पक्षलाई मासिक रु ............... (अक्षररुपी ............................) पारिश्रमिक उपलब्ध गराउने छ । सेवा सुविधाको हकमा भने नगर कार्यपालिकाले तोकेबमाजिम हुनेछ ।

४) आचरण पालना : दोस्रो पक्षले रास्कोट नगरपालिकाको प्रचलित कानुनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्था पालना गर्नु पर्नेछ ।

५) विदा : सेवा करारमा नियुत्त नगर प्रहरीले अधिकारको रुपमा विदाको दाबी गर्न पाउने छैन । कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबिजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै कार्यलयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । अन्य विदाको हकमा भने कार्यापालिकाले तोके बमोजिम हुनुपर्नेछ ।

६) कार्यालयको सम्पत्तिको सुरक्षा : दोस्रो पक्षले कार्यालयको चल अचल सम्पतिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७) गोप्यता : दोस्रो पक्षले कार्यालयको कागज पत्र जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यत्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाइ सोबाट भएको हानि नोक्सानीको क्षतिपूर्ति दोस्रो पक्षबाट भराइने छ । र कालो सुचिमा समेत राखी कानुन बमोजिम कारबाही गरिने छ ।

८) करार अवधि : यो करार २० / / देखि लागू भइ २० / / असार मसान्त सम्मको लागि हुनेछ ।

९) कार्यसम्मादन मूल्याङ्कन : पहिलो पक्षले दोस्रो पक्षको कार्यसम्पादन मूल्याङ्कन गर्ने र सो मूल्याङ्कन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दाफ १० बमोजिम करार निश्चित अवधिका लागि थप हुन सक्नेछ ।

१०) पारिश्रमिक कट्टी र करार सेवा शर्तको अन्त्य दोस्रो पक्षले पहिलो पक्षलाई लगातार ७ दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा सन्तोजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिने छ र सो भन्दा बढी सेवा नगरेमा सोत यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोस्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भइ वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उलङ्घन गरेमा पहिलो पक्षले करार सम्झौता रद्ध गर्न सक्नेछ । र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पुग्ने छैन ।

११) दाबी नपुग्ने : दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पदमा अस्थायी वा स्थायी नियुक्ति हुनकालागि दाबी गर्न पाउने छैन र गर्ने छैन ।

12 प्रचलित कानुन लागू हुने : यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपालको कानुन बमोजिम हुनेछ ।

| रास्कोट नगरपालिकाको तर्फबाट ( पहिलो पक्ष) | करार गर्ने व्यक्ति(दोस्रो पक्ष) |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |
| कार्यालयको छाप | |

**अनुसूचि- ५**

**(दफा १२(३) सँग सम्बन्धित करार पत्रको ढाँचा)**

**रास्कोट नगरपालिका**

**नगर कार्यपालिको कार्यालय**

**आर.सी.पी.५ कालीकोट**

**कर्णाली प्रदेश, नेपाल**

च.नं मिति :

पत्र सं

श्री ..............................................

.....................................................

विषय : करार सम्बन्धमा ।

तपाईलाई मिति २० / / को निर्णयानुसार सूचिकरण गरिए बमोजिम ....................... (पदको नाम वा काम ) का लागि यसै साथ संलग्न करार सम्झौता बमोजिम मिति २० / / दखि २० / / सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस रास्कोट नगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत परिपालना गर्नहुन जानकारी गराइन्छ।

........................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री आर्थिक प्रशासन शाखा : प्रमाणित हाजिर र Time sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रुपमा उपलब्ध गराउन हुन ।

श्री प्रशासन शाखा हाजिरी व्यवस्था गराउन हुन ।

श्री वडा कार्यलय ......................... रास्कोट नगरकार्यपालिकाको कार्यलय ।

अनुसूची – ६
(दफा १७ सँग सम्बन्धित पोशाक विवरण)
रास्कोस्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर सी पी ५ कालीकोट
कर्णाली प्रदेश नेपाल
२०७३

| क्र स | विवरण | रङ | संख्या | खपत अबधि |
|---|---|---|---|---|
| १ | टेरिकटन सर्ट र पाइन्ट | | २ | १ वर्ष |
| २ | ब्यारेट क्याप | | १ | २ वर्ष |
| ३ | सिट्ठी र सिट्ठी कर्ड | | १ | १ वर्ष |
| ४ | वेभ बेल्ड | | १ | २ वर्ष |
| ५ | बुट | | १ जोर | १ वर्ष |
| ६ | कुम ब्याट | | १ जोर | ५ वर्ष |
| ७ | टोपी ब्याज | | १ | ५ वर्ष |
| ८ | बर्सादी | | १ | ३ वर्ष |
| ९ | मोजा | | २ जोर | १ वर्ष |
| १० | स्वीटर | | १ | ३ वर्ष |
| ११ | ज्याकेट | | १ | ३ वर्ष |
| १२ | | | | |

आज्ञाले
जवानसिंह बम
प्रमुख प्रशासकीय अधिकृत